प्रविधिमैत्री, सीपमुलक व्यवहारिक एवं दक्ष जनशक्ति निर्माणमा हाम्रो अठोट !
शैक्षिक निजिकरणको अन्त्य र सार्वजनिक शिक्षामा सुदृढीकरणको लागि अनेरास्ववियूलाई भोट !!



# अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन

## स्ववियु निर्वाचन-२०७९

# घोषणा-पत्र



**मिसन स्ववियु, भिजन २४**

**आगामी दुई बर्ष, अनेरास्ववियूको नेतृत्व**

प्रविधिमैत्री, सीपमुलक व्यवहारिक एवं दक्ष जनशक्ति निर्माणमा हाम्रो अठोट !

शैक्षिक निजिकरणको अन्त्य र सार्वजनिक शिक्षामा सुदृढीकरणको लागि अनेरास्ववियूलाई भोट !!

# अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन

## स्ववियु निर्वाचन घोषणा - पत्र

## २०७९

## मिसन स्ववियु, भिजन २४

## आगामी २ वर्ष, अनेरास्ववियूको नेतृत्व

**प्रिय विद्यार्थी साथीहरू**

**हार्दिक अभिवादन !**

निरंकुश पंञ्चायती व्यवस्थाका विरुद्ध उठेको विद्यार्थी आन्दोलन र यसको बलिदानीपूर्ण सघर्षको जगमा स्थापित स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) विद्यार्थी हक अधिकारको पैरवीकर्ता सम्पूर्ण विद्यार्थीको साझा संस्था हो । विद्यार्थीहरुको नेतृत्व विकास र शैक्षिक रुपान्तरणमा स्ववियुले अतुलनीय भूमिका खेल्दै आएको तथ्य हाम्रासामु जगजाहेर नै छ । पंञ्चायती निरंकुशताको अन्त्य, विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन, जनआन्दोलन र राष्ट्रिय स्वाधिनताको रक्षार्थ विद्यार्थी संघर्षमा जोडिदै गर्दा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरु प्रति अनेरास्ववियू भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ ।

संघीय लोकतान्त्रिक व्यवस्थामा स्ववियु निर्वाचन नियमित हुन नसक्नु दुखद पक्ष हो । झण्डै १४ वर्षपछि हुनगइरहेको स्ववियु निर्वाचनप्रति अनेरास्ववियू खुशी व्यक्त गर्दै विद्यार्थीको महान पर्वमा सहभागी हुन सम्पूर्ण विद्यार्थी साथीहरुलाई हार्दिक अपिल गर्दछ । त्रिभुवन विश्वविद्यालयमा चैत्र ५, नेपाल संस्कृत विश्वविद्यालय र मध्यपश्चिम विश्वविद्यालयमा चैत्र ३ र सुदूरपश्चिम विश्वविद्यालयमा चैत ८ गते हुनगईरहेको स्ववियु निवार्चनमा उत्साहपुर्वक सहभागी भई निर्वाचनलाई भव्यरुपमा सम्पन्न गर्न अनुरोध गर्दछौं । राजनितिक परिदृश्यमा मिनी संसदको रुपमा चिनिने स्ववियुलाई समयानुकुल अध्यावधिक र विकास गर्न देशभरीका सम्पूर्ण प्रगतिशील, देशभक्त, समाजवादी र अग्रगामी विचार बोक्ने विद्यार्थी समूदाय एकजुट हुनु जरुरी छ । विद्यार्थी समुदाय समाजको सचेत पंक्ति भएकोले आसन्न स्ववियु निर्वाचनमा विद्यार्थी आन्दोलनको प्रगतिशील रुपान्तरणको लागि सबैखाले प्रतिगामी, पश्चगामी, शंशोधनवादी, क्रान्तिकारीताका नाममा उग्रवादीहरुलाई परास्त गर्नुपर्ने जिम्मेवारी विद्यार्थीको काधमा आएको छ । स्ववियु लाई समय सापेक्षरुपमा विकास गर्दै आजका शैक्षिक वेतिथीहरुकाका विरुद्ध शसक्त भुमिका खेल्न सक्ने स्ववियु निर्वाचित गर्नु आजको आवश्यकता हो । शिक्षा क्षेत्रमा झाँगिदै आएको निजीकरण र व्यापारीकरणको अन्त्य गर्दै शिक्षामा समाजवादी रुपान्तरणको लागि अनेरास्ववियूलाई मतदान गर्न सम्पुर्ण विद्यार्थी साथीहरुलाई हार्दिक अनुरोध गरिन्छ ।

**विश्वविद्यालय सुधारका शैक्षिक एजेन्डाहरू**

१. राज्यको कूल बजेटको कम्तीमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि व्यवस्था गरिनु पर्दछ ।

२.शिक्षामा व्याप्त निजीकरण र व्यापारीकरणको पूर्ण अन्त्य गरिनु पर्दछ ।

३. समयसापेक्ष शैक्षिक क्यालेन्डर निर्माण गरी अनिवार्य कार्यान्वयन गरिनु पर्दछ ।

४. समयमै परीक्षा सञ्चालन र नतिजा प्रकाशन गरिनु पर्दछ ।

५.निजी शैक्षिक संस्थालाई सम्बन्धन दिन बन्द गरिनुपर्दछ र उच्च शिक्षाको दायित्व राज्यले लिनु पर्दछ ।

६.विश्वविद्यालयले विषय हेरी नेपाली र अंग्रेजी दुबै माध्यमबाट प्रश्नपत्र निर्माण गरि छाप्ने व्यवस्था लागू गरिनुपर्दछ ।

७. विश्वविद्यालयको पाठ्यक्रम, शिक्षण विधि र मूल्यांकन प्रणाली लाई समयानुकूल परिमार्जन गरिनुपर्दछ ।

८. सम्बन्धन प्राप्त क्याम्पसहरूमा विद्यार्थीबाट लिइने सम्बन्धन शुल्क खारेज गरिनुपर्दछ ।

९. शिक्षामा सर्तसहितको विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक लगायतको वैदेशिक लगानी र हस्तक्षेप पूर्ण रूपमा बन्द गरिनुपर्दछ ।

१०. परम्परागत शिक्षा प्रणालीलाई रूपान्तरण गर्दै श्रम र उत्पादनसँग जोड्नुपर्दछ ।

११ं शिक्षण पद्धति अनुसन्धानमूलक र वैज्ञानिक बनाइनुपर्दछ ।

१२. शिक्षाका नाममा हुने प्रतिभा पलायन रोक्न ठोस कार्यक्रम ल्याइनुपर्दछ ।

१३. शैक्षिक संस्थाभित्र धूम्रपान र मद्यपानको व्यापार र प्रयोग निषेध गरिनुपर्दछ ।

१४.आंगिक क्याम्पसमा निजी कार्यक्रम सञ्चालन गर्न बन्द गर्नुपर्दछ ।

१५.आर्थिकरुपमा कमजोर, दुर्गम क्षेत्र, अल्पसङ्ख्यक, सीमान्तकृत, दलित, जनजाति, महिला, शारीरिक अशक्त, सहिद परिवार, आन्दोलनका घाइते, न्यून वैतनिक कर्मचारी कों परिवारकालागि कम्तीमा २० प्रतिशत छात्रवृत्तिकों सुनिश्चितता गरिनुपर्दछ ।

१६.प्राविधिक र रोजगारमुलक शिक्षालाई आमजनताका छोराछोरीको पहुँचमा पुर्याउने उद्देश्यसहित वैज्ञानिक मापदण्डका आधारमा शुल्क समायोजनगरी एकरूपता कायम गरिनुपर्दछ ।

१७.विद्यार्थीलाई रासन कार्डको व्यवस्था गरी दैनिक उपभोग्य वस्तुमा, स्वास्थ्य, मनोरन्जन र यातायातमा कम्तीमा ५० प्रतिशत सहलियत उपलब्ध गराइनुपर्दछ ।

१८.उच्च शिक्षा अध्ययनकालागि बिना धितो र व्याजविना ऋण र स्वरोजगारीकालागि शैक्षिक प्रमाणपत्रका आधारमा ऋण सहज र सरल प्रक्रियाबाट उपलब्धहुने व्यवस्था मिलाइनुपर्दछ ।

१९.विश्वविद्यालयहरूमा उपकुलपतिदेखि कार्यालय सहयोगी सम्म गरिने राजनीतिक भागबन्डाको पूर्ण रूपमा अन्त्य गरी खुल्ला प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्ने व्यवस्था गरिनु पर्दछ ।

२०.विश्वविद्यालयको कुलपति प्रधानमन्त्री बन्ने प्रणाली खारेज गरी विश्वविद्यालय सभाद्धारा निश्चित योग्यता, क्षमता, योगदान र अनुभवका आधारमा खुला प्रतिस्पर्धा मार्फत कुलपति नियुक्ति हुने व्यवस्था गरिनुपर्दछ ।

२१. मेडिकल शिक्षा सर्वसुलभ र सहज हुनुपर्दछ । मेडिकल कलेजमा हुने नाफाखोर र व्यापारीक व्यवाहारका कारण विद्यार्थीहरु जहिले पनि मानसिक त्रास, दबाब र अध्ययन बाट बन्चित हुने अवस्थाको अन्त्य गरिनु पर्दछ ।

२२. M.Phil.-Ph.D. तहलाई पुर्णतया अनुसन्धानमुलक बनाउदै अध्ययनरत विद्यार्थीलाई छात्रवृतिको व्यवस्था गरिनुपर्दछ ।

## अनेरास्ववियूका प्रतिबद्धताहरू

- स्ववियुलाई आमविद्यार्थीहरुको साझा संस्था बनाइनेछ ।

- विश्वविद्यालय र क्याम्पसमा हुने राजनीतिक भागबन्डाको अन्त्यगरिनेछ ।

- स्ववियुलाई सेवकका रूपमा विद्यार्थीको सेवामा समर्पित बनाइनेछ।

- विद्यार्थीको ट्रान्सक्रिप्ट र माइग्रेशनलगायतका प्रमाण पत्र सम्बन्धित क्याम्पसबाटै दिने व्यवस्था मिलाइनेछ।

- लागूपदार्थ दुर्व्यशनी विरुद्ध अभियान सञ्चालन गरिनेछ।

- नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न कार्यतालिका बनाई लागू गरिनेछ।

- क्याम्पसलाई प्राज्ञिक, स्वच्छ एव मर्यादित क्षेत्र बनाइनेछ।

- मासिक रूपमा विद्यार्थीकों सुझाव संकलन गरी विद्यार्थीको हरेक जायज गुनासो सम्बोधन गर्न पहल गरिनेछ ।

- स्ववियुलाई भ्रष्टाचार रहित, स्वच्छ, पारदर्शी, मर्यादित संस्थाका रूपमा स्थापित गरिनेछ।

- राष्ट्रियता, जनतन्त्र र जनजीविका, शैक्षिक अधिकारका सवालमा सदैव जनताका पक्षमा सङ्घर्ष गरिनेछ।

- छात्रावास र छात्रवृत्ति वितरणमा भइरहेको भागबण्डा तथा नातावाद, कृपावादकों अन्त्य गरी छनोट प्रक्रियालाई पारदर्शी बनाइनेछ।

-स्ववियु बैठक सामाजिक सञ्जालबाट लाइभ गरिनेछ र हरेक ६, ६ महिनामा आयव्यय विवरण सार्वजनिक गरिनेछ।

- पर्याप्त पुस्तकसहितको पुस्तकालय, सुविधासम्पन्न प्रयोगशाला, ई-लाइब्रेरी, निःशुल्क इन्टरनेट एरियाका लागि पहल गरिनेछ।

- विद्यार्थीको चाप र आवश्यकता अनुसार भौतिक पूर्वाधारको व्यवस्था, नियमित कक्षा सञ्चालनको लागि पहल गरिनेछ।

- क्याम्पसमा सरसफाइ, सफाशौचालय, स्वच्छ खानेपानी, सेनेटरी प्याडको व्यवस्था, सुविधायुक्त स्वास्थ्य केन्द्र लगायत विषयका लागि पहल गर्ने र अभियान सञ्चालन गरिनेछ।

- क्याम्पसको आर्थिक हिसाब हरेकवर्ष सार्वजनिक गराइनेछ।

- विद्यार्थी भर्ना गरेबापत स्ववियु कोषमा जाने पैसाले गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिका लागि प्रयोग गरिनेछ।

## मिसन स्ववियु भिजन २४

### आगामी दुई बर्ष अनेरास्ववियूले गर्छ ।

**१. शिक्षामा सबैको अधिकार, धनी गरिब बराबर ।**

**२. प्राविधिक शिक्षा, समृद्धिको इच्छा ।**

**३.समाजवादी शिक्षा, समय मै परिक्षा ।**

**४.शैक्षिक संस्थामा नो लाइन, सबै काम गरौ अनलाइन ।**
(भर्ना, शुल्क भुक्तान, रजिष्ट्रेशन, ट्रान्सक्रिप्ट, परिक्षा फारम भर्ने जस्ता सबै काम अनलाइन नै गर्ने व्यवस्था)

**५. शिक्षामा सबैको अधिकार, प्राविधिक तथा मेडिकल शिक्षामा सबैलाई बराबर अवसर ।**
(प्राविधिक तथा मेडिकल शिक्षामा सबैको पहुँच)

**६. शिक्षालयमा हरियाली र प्रकृतीको रक्षा, प्रविधिमैत्री कोठा र शान्त कक्षा ।**

**७. शिक्षालय हाम्रो घर, सुरक्षित पुर्वाधार ।**
(प्रत्येक क्याम्पसमा सुरक्षित छात्राबास, अपाङ्गमैत्री पूर्वाधार )

**८. जे पढ्छौं, त्यो प्राक्टीकली बुझ्छौ ।**
(विद्यालय तथा क्याम्पसमा प्रयोगात्मक कक्षा र ल्याब)

**९. सफलता सबैको गन्तब्य ।**
(विद्यालय तथा क्याम्पसमा सफल व्यक्तिहरुको अनुभव साटासाट कार्यक्रम, Motivational Speech, Career building training )

**१०. रक्षा गरौ हाम्रो हाम्रो संस्कृती, हटाऔ विकृती**
(नियमित सांस्कृतिक कार्यक्रम, नियमित जनचेतना मुलक कार्यक्रम, महिला हिंसा लागु औषध लगायतको सामाजिक विकृती विरुद्ध सचेतना कार्यक्रम )

**११. ज्ञानको अतिरिक्त श्रोत, इन्टरनेटमा सबैको पहुँच**
(सबै शैक्षिक संस्थामा इन्टरनेट र वाइफाई)

**१२. हामी डोऱ्याउनेछौं हाम्रो देश ।**
(क्षमता विकास,नेतृत्व विकास, राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र उद्यमशिलताको विकास लगायतका प्रशिक्षण कार्यक्रमहरु)

**१३. स्वस्थ शरिर, स्वस्थ दिमाग ।**
(नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलाप क्यालेन्डर, नि:शुल्क मासिक स्वास्थ परिक्षण, निशुल्क स्वास्थ शिविरहरु)

**१४. प्रविधि हाम्रो साथी**
(हाइटेक रिसर्च ल्याब, डाटा सेन्टर र इ-लाइब्रेरी)

**१५. किताब खोलौ, रमाउदै पढौं ।**
(प्राथमिक शिक्षाका पुस्तक रंगिन चित्रकथा सहितको )

**१६. कृषिको उत्थान, हामी सबैको आत्मसम्मान ।**
(माध्यमिक तहमा नै कृषि विषय समावेश गरिने, उच्च तहमा उल्लेख्य छात्रवृत्ति)

**१७. शिक्षामा छोरी बुहारी, राज्यको प्रमुख जिम्मेवारी ।**
(उच्च तहका शिक्षामा महिलालाई विशेष प्राथमिकता र छात्रावृत्ति)

**१८. शिक्षा क्षेत्रमा शान्ति सुन्दर समान निर्माणको क्रान्ति ।**
(आन्दोलन र तालाबन्दि रहित शिक्षालय )

**१९. सफा शौचालय सफा खानेपानी, राम्रो स्वास्थ राम्रो आनिबानी ।**

**२०. विद्यार्थीलाई नि:शुल्क स्वाध्य बिमा र उपचार, समाजवाद निर्माणको आधार ।**

**२१. शिक्षालयमा स्वास्थ्य संयमसेविका र नि:शुल्क सेनिटरि प्याड, सानो दुर्घटनामा प्राथमिक उपचार ।**

**२२. नारीको सम्मान, समाजको आत्मसम्मान ।**
(घरेलु हिंसा, महिला हिंसा, महिला सशक्ति करण जस्ता विषयका तालिमहरु)

**२३. समाजवादी शिक्षा, त्रैमासिक परिक्षा ।**

**२४. अन्त्य गर्छौं निजिकरणको आधार, बन्द गरौ शिक्षामा व्यपार ।**

**हार्दिक अभिवादन !**